**बैठक संख्या ९**

मिति २०७७।०२।०४ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
८. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
९. प्रशासकीय अधिकृत श्री यज्ञराज जोशी, जिल्ला प्रशासन कार्यालय भक्तपुर
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

**आमन्त्रित**

१. श्री प्रेम ज्ञवाली-शहिद धर्म भक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर
२.
३.
४.

**छलफलका विषयहरु**

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण
२. संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङ
३. नगरपालिका, अस्पताललगायत सवै निकायहरुको तयारी
४. सवारी पासको व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयको निर्देशन
५. विविध

निर्णय

१. भक्तपुर जिल्लामा वसोवास गर्ने मानिसहरूलाई PCR Test गराउदा पोजेटिभ देखिएमा निजसँग सम्पर्कमा आएका मानिसहरूलाई तत्काल राख्नको लागि स्थानीय तहमा आवश्यकता अनुसार क्वारेन्टाइन स्थल निर्माण गरी सोको विवरण र गर्नु पर्ने जिम्मेवारी व्यवस्थापन समेत एकिन गरी CMC मा पठाउन अनुरोध गर्ने ।

२. शंक्रमितसँगको सम्पर्कमा आएका व्यक्तिहरू वस्ने स्थानलाई आवश्यकता अनुसार आवत जावतमा पूर्ण रोक लगाउनको निमित्त उक्त स्थानलाई शिल गर्ने सम्बन्धमा न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने ।

३. कोभिड-१९ संक्रमणबाट मृत्यु भएमा शव व्यवस्थापन गर्नको लागि भक्तपुर जिल्ला अस्पतालसँग समन्वय गरी कोरोना शव वाहन एम्बुलेन्स(Modified) चालक सहित तयारी हालतमा राख्न नेपाल रेडक्रस भक्तपुर शाखालाई अनुरोध गर्ने ।

४. शव व्यावस्थापनको लागि आवश्यक पर्ने शव वाहनहरू २ जना वा सो भन्दा बढी शव भएमा आवश्यक पर्ने गाडी पिकअप/टाटा/ट्रक जिल्ला अस्पताल र नेपाली सेनाको वीरदल गणसँग समन्वय गरी स्थानीय तहले सोको स्रोत व्यवस्थापन समेत गरी तयारी हालतमा राख्न अनुरोध गर्ने ।

५. कोभिड-१९ रोकथामका लागि खटिएका स्वास्थ्यकर्मी, सुरक्षा निकाय र कर्मचारीहरूको लागि आवश्यक व्यक्तिगत सुरक्षा उपकरणहरू र PCR गर्न VTM किटको पर्याप्त व्यवस्थापनको लागि CCMC लाई अनुरोध गर्ने ।

६. शंकास्पद संक्रमित व्यक्तिहरूसित सम्पर्कमा आएकाहरूलाई PCR Report पश्चात नेगेटिभ आएमा निजहरू बस्दै आएको घर/डेरामा प्रकृया पुर्याइ होम क्वारेन्टाइनमा बस्दा घरपटी वा घर छिमेकहरूलाई मानसिक समस्या पर्ने भएकोले सो सम्बन्धमा स्थानीय तहले आवश्यक मनोपरामर्श, जनचेतना उपलब्ध गराउन अनुरोध गर्ने ।

७. भक्तपुर जिल्लामा एउटै कम्पाउण्ड भित्र रहेका शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर क्यान्सर अस्पताल र भक्तपुर अस्पताल बीच एक आपसमा जनशक्ति र आवश्यक सामग्रीहरूको समन्वय गरी कार्य गर्न/गराउन अनुरोध गर्ने ।

८. विदेशमा रहेका नेपाल फर्कन इच्छुक नेपाली नागरिकहरू मध्ये प्रदेश नं. १ र २ बसोबास भएकाहरुलाई उनीहरूको घरसम्म सुरक्षित रुपमा पठाउन आवश्यक चेक जाँचको लागि केही समय होल्ड गर्नु पर्ने भएकोले भक्तपुर न.पा. १ सल्लाघारी स्थित नेपाल ट्रस्टको जग्गा होल्डीङ एरीयाको रुपमा तयार गर्न आवश्यक प्रकृया र तयारी अगाडी बढाउने ।

९. पास व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको पास बाहक र उपत्यका भित्रनको लागि गृह मन्त्रालयको सहमतिमा र अत्यावश्यक सवारी साधन बाहेक अन्यलाई पूर्ण रुपमा रोक लगाउने ।